श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ४३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

जग्गा (नाप जाँच) ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः जग्गा (नाप जाँच) ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जग्गा (नाप जाँच) (तेस्रो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३क. मा संशोधनः जग्गा (नाप जाँच) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३क. को उप-दफा (२) मा रहेको "नापी डोरले" भन्ने शब्दहरूको सट्टा "नापी टोलीले" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. पञ्चायत वा पञ्चायत वडाको साँध सीमाना छुट्याउनेः यो ऐनबमोजिम नापी वा जाँच गर्दा पञ्चायत वा पञ्चायत वडाको नापी हुनु अगावै त्यसरी नापी हुने पञ्चायत वा पञ्चायत वडाको साँध सीमाना छुट्याई नापी गर्नुपर्छ । साँध

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सीमाना छुट्याउँदा अञ्चल वा जिल्ला समेतको सीमानामा विवाद उठेमा तोकिएको अधिकारी वा समितिको निर्णयबमोजिम सीमाना छुट्याइनेछ विवाद उठेको सीमानाको निर्णय हुन समय लाग्ने देखिएमा नापी चालू गरी विवाद उठेको सीमानाको कित्ताहरूसम्मको दर्ता बाँकी राखी नापीको काम सम्पन्न गरिनेछ ।

तर, पूरै जिल्ला, पञ्चायत वा पञ्चायत वडाको नापी हुने नभई केही भाग मात्र नापी हुने भएमा यस दफाबमोजिमको साँध सीमाना छुट्याउन आवश्यक हुनेछैन ।"

. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) उप-दफा (५) र (७) को सट्टा देहायको उप-दफा (५) र (७) राखिएका छन् :–

"(५) जग्गा नापी वा जाँच हुँदा जग्गावालाले आफ्नो हकभोगको प्रमाणपत्र आफैं वा आफ्नो प्रतिनिधिद्वारा पठाई आफ्नो जग्गा दर्ता गराउनु पर्छ । ऐलानी जग्गा, सार्वजनिक जग्गा, गुठी अधिनस्थ जग्गा र निर्धारित भएको वन सीमानाभित्रको जग्गाबाहेक दर्ता तिरोसम्म नभई परापूर्वदेखि बेनिस्सा हकभोग भई आवाद गरी खाइआएको जग्गाको जग्गावालाले पनि सो जग्गा दर्ता गराउनु पर्नेछ । त्यसरी परापूर्वदेखिको हकभोगको आधारमा दर्ता गराउन आएमा त्यसरी दर्ता गराउन आएको जग्गाको पञ्चायत, वडा चारकिल्ला र दर्ता गराउन आएको व्यक्तिको नाम ठेगाना खोली सो उपर कसैको उजूरी भए सूचना दिएको एक्काईस दिनभित्र नापी टोलीमा उजूर गर्न पाउने व्यहोरा समेत खोली नापी टोलीले सो जग्गाको मोही, साँध सँधियार समेत धेरै जनाको आवत-जावत हुने मुख्य-मुख्य ठाउँहरूमा सूचना टाँसी जिल्ला र स्थानीय पञ्चायतलाई लिखित सूचना समेत गर्नु पर्नेछ । कुनै उजूरी नपरेमा अन्य क्षेत्रको जग्गा भए नापी टोलीले र शहरी क्षेत्रको बेनिस्साको स्वबासी चर्ची आएको घर जग्गा भए नापी गोश्वाराले सो जग्गा निजको नाउँमा दर्ता गर्नेछ । उजूर परेमा अन्य क्षेत्रको जग्गा भए नापी टोलीले र शहरी क्षेत्रको बेनिस्साको स्वबासी चर्ची आएको घर जग्गा भए नापी गोश्वाराले सरजमीन र आवश्यक जाँचबुझ गरी आफ्नो रायसाथ श्री ५ को सरकारले तोकेको समिति वा अधिकारीछेउ जाहेर गरी भएको निकासाबमोजिम गर्नु पर्नेछ ।

(७) कुनै जग्गा नापी वा जाँच हुँदा दुई वा दुईभन्दा बढी व्यक्तिहरूको बीच तेरो-मेरो सम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले सो कुराको दुबै पक्षको प्रमाण जाँची जुन पक्षको प्रमाण बलियो देखिन्छ, त्यसै पक्षको नाममा अदालतबाट अन्तिम निर्णय भै नआएसम्मका लागि अस्थायी दर्ता गर्ने निर्णय गरी सम्बन्धित पक्षलाई त्यसको निस्सा दिनेछ । चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपर पैंतीस दिनभित्र अदालतमा उजूर नगरेमा उक्त निर्णय अन्तिम हुनेछ र सोही अनुसार सम्बन्धित व्यक्तिको नाममा जग्गा दर्ता हुनेछ। उजूर परेकोमा अदालतबाट भएको अन्तिम निर्णय भई आएबमोजिम दर्ता गरिनेछ।"

(२) उप–दफा (७) पछि देहायको उप–दफा (८) थपिएको छः–

"(८) यो उप–दफा प्रारम्भ हुँदाका बखत जग्गा नाप जाँचको श्रेस्तामा झगडा जनिएको, तर अदालतमा उजूर नपरेको जग्गाको सम्बन्धमा तोकिएको अधिकारीले उप–दफा (७) बमोजिम कारवाई गर्न सक्नेछ। त्यसरी कारवाई गर्दा सम्बन्धित पक्षहरूलाई तोकिएबमोजिम सूचना गरिनेछ।"

५. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः–

"८. दर्ता–पूर्जा पाउनेः (१) सम्पूर्ण पञ्चायत वा पञ्चायत वडाहरू नाप जाँच हुनेमा सोबमोजिम नाप जाँच भएपछि र केही जग्गा मात्र नाप जाँच हुनेमा त्यति नाप जाँच भई दर्ता श्रेस्ताको काम समाप्त भएपछि तोकिएको अधिकारीले तोकिएबमोजिमको दर्ता–पूर्जा सम्बन्धित जग्गावाला वा निजको प्रतिनिधिलाई दिनु पर्नेछ।

(२) उप–दफा (१) बमोजिमको दर्ता–पूर्जा नपाएमा सोही क्षेत्रको दर्ता–पूर्जाको वितरण प्रारम्भ भएको मितिले वा दर्ता–पूर्जा पाएपछि त्यसमा चित्त नबुझ्ने व्यक्तिले दर्ता–पूर्जा पाएको मितिले पैंतालीस दिनभित्र तोकिएको अधिकारीसमक्ष कारण सहित उजूर गर्न सक्नेछ।

(३) उप–दफा (२) बमोजिम पर्न आएको उजूरीमा आवश्यक छानबीन गरी तोकिएको अधिकारीले दफा ६ को उप–दफा (५) र (६) बमोजिम तयार भएको दर्ता श्रेस्ता हेरी-भिडाई दर्ता-पूर्जा दिनु पर्ने भए दर्ता-पूर्जा दिनु वा सच्याउनु पर्ने भए सच्याई अर्को दर्ता-पूर्जा दिनु पर्नेछ।

तर, यस उप-दफाबमोजिम उजूरी छानबीन गर्दा दफा ६ को उप–दफा (७) बमोजिम हकभोग वा तेरो मेरो सम्बन्धी प्रश्न उठेको कारणबाट दर्ता-पूर्जा दिन वा सच्याउन नमिल्ने भएमा अदालतबाट सो कुराको निर्णय भई आएका बखत दर्ता-पूर्जा दिन वा सच्याउन मिल्ने व्यहोरा प्रष्ट रूपमा खुलाई तोकिएको अधिकारीले तुरुन्त उजूरवालालाई निस्सा दिनु पर्नेछ।

(४) सरकारी जग्गा वा सार्वजनिक जग्गा वा गुठी अधिनस्थ जग्गा श्री ५ को सरकारको आदेश बेगर कसैको नाममा दर्ता हुनेछैन।"

६. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

८५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१०. जग्गाको किसिम छुट्याउने: (१) जग्गा नाप जाँच गर्दा तोकिएको अधिकारीले देहायको क्षेत्रको जग्गाको किसिम देहायको तरीकाले छुट्याउनेछ :–

(अ) तराइ क्षेत्रको धनहर:–

(क) अब्बल: धान बाली लाग्न सक्ने कुलो पानीको सुविधा भएको ढुङ्गो नमिसिएको सबैभन्दा असल मलिलो माटो भै दुई वा दुई भन्दा बढी बाली लाग्न सक्ने क्षमता भएको जग्गा अब्बल हुन्छ ।

(ख) दोयम: वर्षामा मात्र कुलो लाग्ने ढुङ्गो नमिसिएको असल माटो भई दुई बाली लाग्न सक्ने क्षमता भएको जग्गा दोयम हुन्छ ।

(ग) सीम: कुलो नलाग्ने वर्षाको भरले एक बाली मात्र लाग्न सक्ने क्षमता भएको जग्गा सीम हुन्छ ।

(घ) चाहार: बलौटे, ढुङ्गेन, सुख्खा माटो भएको कुलो नलाग्ने पानी चाँडै सुक्ने एक बाली मात्र लाग्न सक्ने वा धेरै समय पानीले छोपी कुनै-कुनै सालमा मात्र बाली लाग्न सक्ने क्षमता भएको जग्गा चाहार हुन्छ ।

(आ) तराइ क्षेत्रको भीट जग्गा:–

(क) अब्बल: असल मलिलो माटो भै घैया, गहुँ, मकै, कोदो, तोरी सर्स्यूँ र त्यस्तै किसिमको अरू नगदी बाली लाग्ने क्षमता भएको भीट जग्गा अब्बल हुन्छ ।

(ख) दोयम: बालुवा मिसिएको कमसल माटो भै मकै, कोदो, तोरी, सर्स्यूँ र त्यस्तै किसिमको अरू नगदी बाली लाग्न सक्ने क्षमता भएको भीट जग्गा दोयम हुन्छ ।

(ग) सीम: बलौटे, ढुङ्गेन माटो भएको हरसाल बाली नभई एक दुई साल बिराई मकै, कोदो, तोरी, घैया, सर्स्यूँ र त्यस्तै किसिमको अरू नगदी बाली लाग्ने क्षमता भएको भीट जग्गा सीम हुन्छ ।

(घ) चाहार: समतल नभएको बलौटे ढुङ्गेन माटो भएको भीट जग्गा चाहार हुन्छ ।

(इ) अन्य क्षेत्रको खेत जग्गा:–

(क) अब्बल: धान बाली लाग्ने कुलो पानीको बाह्रै महीना सुविधा भएको बेंसीमा केही समथरिलो भएको र ढुङ्गा नमिसिएको असल माटो भएको जग्गा अब्बल हुन्छ ।

(ख) दोयम: छहरा, खोलसा वा कुलोको पानीले पाँच छ महीनासम्म सिंचाइ हुने वा वर्षाको कुलो लाग्ने ढुङ्गो नमिसिएको असल माटो भएको धान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाली लाग्ने जग्गा दोयम हुन्छ ।

(ग) सीमः छहरा, खोल्सा वा कुलोको पानीले बढीमा दुई महीनासम्म सिंचाइ हुन सक्ने केही बालुवा ढुङ्गा मिसिएको माटो भई उटक (अग्लो-होचो) वा सानो-सानो गरा परेको धान बाली लाग्ने जग्गा सीम हुन्छ ।

(घ) चाहारः बलौटे, ढुङ्गेन, सुख्खा माटो भएको पानी चाँडै सुक्ने कुनै साल मात्र धान बाली लाग्ने टारी जग्गा चाहार हुन्छ ।

(ई) अन्य क्षेत्रको पाखो जग्गाः–

(क) अब्बलः असल मलिलो माटो भै घैया, गहुँ, मकै, कोदो, तोरी, सस्र्यूँ त्यस्तो किसिमको अरू बाली लाग्ने भिरालो नभएको हल लाग्ने पाखो जग्गा अब्बल हुन्छ ।

(ख) दोयमः बालुवा ढुङ्गा नमिसिएको केही कमसल माटो भै भिरालो नभएको हल लाग्न सक्ने घैया, गहुँ, मकै, कोदो र त्यस्तै किसिमको अरू बाली लाग्ने पाखो दोयम हुन्छ ।

(ग) सीमः भिरालो, बलौटे, ढुङ्गेने माटो भै सुख्खा किसिमको मकै, कोदो, गहत, भटमास, जौ वा फापर र त्यस्तै किसिमको अरू बाली लाग्न सक्ने पाखो जग्गा सीम हुन्छ ।

(घ) चाहारः ज्यादै भिरालो भै मुस्किलले बाली लाग्न सक्ने, बस्तु-चरनको लागि राखेको जग्गा वा खरबारी जस्ता पाखो जग्गा चाहार हुन्छ ।

स्पष्टीकरणः यस उप-दफाको प्रयोजनको लागि "तराई क्षेत्र" भन्नाले चुरे पहाडदेखि दक्षिणको समतल जग्गा भएको क्षेत्रलाई जनाउँछ तथा "अन्य क्षेत्र" भन्नाले तराई क्षेत्र बाहेक नेपाल अधिराज्यका बाँकी क्षेत्रलाई जनाउँछ ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको चार किल्लाभित्रका शहरी क्षेत्रको जग्गाको किसिम तोकिएको तरीकाले छुटचाइनेछ ।

(३) उप–दफा (१) वा (२) बमोजिम तोकिएको अधिकारीले जग्गाको किसिम छुटचाएकोमा त्यसमा चित्त नबुझ्ने व्यक्तिले तोकिएको म्यादभित्र तोकिएको समितिमा उजूर गर्न सक्नेछ र यसरी पर्न आएको उजूरीमा तोकिएको समितिले तोकिएको म्यादभित्र निर्णय गर्नु पर्नेछ ।

(४) उप–दफा (३) बमोजिमको तोकिएको समितिको निर्णयमा पनि चित्त नबुझ्ने व्यक्तिले तोकिएको समितिमा तोकिएको म्यादभित्र पुनः उजूर गर्न सक्नेछ र त्यसरी पुनः उजूरी परी तोकिएको समितिबाट भएको निर्णय अन्तिम हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा ११मा संशोधन: मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ:–

"११. नक्शा र स्रेस्ता राख्ने: (१) जग्गा नापी वा जाँच गर्दा जग्गाको नक्शा निर्देशकले तोकेको ढाँचामा तयार गरिनेछ ।

(२) जग्गा नापी वा जाँच गर्दा जग्गाको स्रेस्ता तोकिएबमोजिमको ढाँचामा तयार गरिनेछ ।"

८. मूल ऐनमा दफा ११क. र ११ ख. थप: मूल ऐनको दफा ११ पछि देहायको दफा ११ क. र ११ ख. थपिएका छन्:–

"११क. शहरी क्षेत्रको घर जग्गाको दर्ता-स्रेस्ता र दर्ता-पूर्जा: दफा १० को उप–दफा (२) बमोजिम तोकिएको शहरी क्षेत्रमा घर जग्गा नाप जाँच गर्दा तोकिएको अधिकारीले तोकिएबमोजिमको प्रक्रिया अपनाई दर्ता-स्रेस्ता र दर्ता-पूर्जा तयार गर्नेछ ।

११ख. श्री ५ को सरकारले समिति गठन गर्न सक्ने: यस ऐनबमोजिम तोकिएको अधिकारीले जग्गा नाप जाँच गर्दा कुनै गल्ती वा त्रुटी भएको देखिएमा वा त्यस्तो अधिकारीबाट यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप कुनै काम कारवाई भएको देखिएमा वा वन-सीमाना, सरकारी जग्गा, सार्वजनिक जग्गा वा गुठी अधिनस्थ जग्गा मिची दर्ता गरे-गराएको देखिएमा सो सुधार गराउन वा नाप नक्शा गरी दर्ता गर्ने सम्बन्धमा कुनै क्षेत्रमा सामान्य समस्या उठेको देखिएमा सो सुल्झाउन श्री ५ को सरकारले समिति गठन गर्न सक्नेछ ।"

लालमोहर सदर मिति:– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।